# गौरीगञ्ज राजपत्र

## गौरीगञ्ज गाउँपालिकाद्धारा प्रकाशित

खण्ड : ६ संख्या : ८ मिति : १९ चैत्र, २०७९ साल

**भाग- २**

गौरीगञ्ज गाउँपालिका

# तीन पाङ्ग्रे (ई-रिक्सा) सम्बन्धी कार्यविधि, २०७९

(गाउँ कार्यपालिकाबाट स्वीकृत : २०७९/१२/१२)

## प्रस्तावना

प्रदेश ई-रिक्सा तथा यातायात व्यवस्था ऐन २०७६ को दफा १४ को उपदफा (२) र प्रदेश ई-रिक्सा तथा यातायात व्यवस्था नियमावली २०७७ को नियम ४ ले दिएको अधिकार प्रयोग गरी गौरीगञ्ज गाउँपालिकाद्धारा यस पालिकाभित्र तीनपाङ्ग्रे (ई-रिक्सा) को दर्ता, नवीकरण र नियमन गर्न यो कार्यविधि बनाई लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:**१. यस कार्यविधिको नाम "तीनपाङ्ग्रे (ई-रिक्सा) सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।
(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

२. **कार्यविधिको प्रयोग:** यस कार्यविधिको प्रयोग गौरीगञ्ज गाउँपालिकाले गर्नेछ।

३. **परिभाषा:**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) **"ऐन"** भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ सम्झनुपर्छ।
(२) **"नियमावली"** भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ सम्झनुपर्छ।
(३) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेश अन्तर्गत सडक यातायातसंग सम्बन्धित मन्त्रालय सम्झनुपर्छ ।
(४) **"कार्यालय"** भन्नाले यातायात व्यवस्था/सेवा कार्यालय सम्झनुपर्छ।
(५) **"पालिका"** भन्नाले गौरीगञ्ज गाउँपालिका सम्झनुपर्छ।
(६) **"अध्यक्ष"** भन्नाले गौरीगञ्ज गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।
(७) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गौरीगञ्ज गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।
(८) **"ई-रिक्सा"** भन्नाले तीनपाङ्ग्रे (बिजुली/ब्याट्रीबाट चल्ने) ई-रिक्सालाई सम्झनुपर्छ।

४. **कार्यविधिको व्याख्या:**कार्यविधि कार्यान्वयनको शिलशिलामा कुनै द्विविधा भएमा सोको व्याख्या मन्त्रालयले गरे बमोजिम हुनेछ।

५. **बाझिएमा गर्ने:** (१) कार्यविधिमा उल्लेखित व्यवस्था ऐन एवम् नियमावलीमा उल्लेखित व्यवस्थासँग बाझिएमा ऐन एवम् नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

(२) कार्यविधिमा उल्लेखित व्यवस्थासँग साविकमा भएका परिपत्रहरु बाझिन गएमा यस कार्यविधिको व्यवस्था नै लागू गर्नुपर्नेछ।

६. **संशोधन र थपघट गर्न सकिने:**मन्त्रालयको शैद्धान्तिक सहमती लिई गौरीगञ्ज गाउँपालिकाले यस कार्यविधिमा हेरफेर गर्न सक्नेछ।

७. **कार्यविधिको पालना गर्नुपर्ने:** यस कार्यविधिमा भएको व्यवस्थाहरुको पालना सम्बन्धित पक्षले गर्नुपर्ने छ ।

## परिच्छेद-२

## दर्ता तथा नामसारी सम्बन्धी व्यवस्था

८. ई-रिक्सा दर्ता:

(१) ऐनको दफा १४ बमोजिम दर्ता गराउनु पर्ने ई-रिक्सा दर्ता गराउँदा ऐनको दफा १५ र नियमावलीको नियम-३ बमोजिमको कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) यातायात व्यवस्था/ सेवा कार्यालयमा दर्ता भएका ई-रिक्सा यातायात व्यवस्था कार्यालयले दिएको नियमावलीको अनुसूची—७ बमोजिमको स्थानान्तरण-पत्रसहित अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(३) कोशी प्रदेशको अन्य कुनै पालिकाबाट यस पालिकाको सहमतीमा ई-रिक्सा दर्ता गर्न ल्याउँदा सम्बन्धित धनीले उक्त पालिकाबाट सरुवा सहमती लिएको ३५

दिनभित्रमा अनुसूची-१ बमोजिमको दस्तुरसहित अनूसूची-२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(४) उपनियम (५) बमोजिम दर्ता भएको ई-रिक्साको धनीलाई पालिकाले अनुसुचि-३ बमोजिम कोड, अक्षर र अङ्कसहित नम्बर प्लेट संकेत दिइनेछ र ई-रिक्सा धनीले त्यस्तो नम्बर प्लेट, संकेत सम्बन्धित ई-रिक्सामा प्रष्ट रुपमा देखिने गरी तत्काल राख्नुपर्नेछ ।

(५) उपनियम (१), (२) र (३) बमोजिमको दरखास्त पर्न आएमा त्यस्तो दरखास्त सम्बन्धमा आवश्यक जाँचबुझ गरी ऐन, नियमावली तथा यस कार्यविधिको अधिनमा रही ई-रिक्सा दर्ता गरी दरखास्तवालालाई अनुसूची-४ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसुचि -५ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनु पर्नेछ।

(६) दर्ताको प्रमाण-पत्र दिइएको मितिले त्यस्तो प्रमाण पत्रको अवधि एक वर्षसम्म बहाल रहने छ ।

९. **ई-रिक्साको सरुवा सहमतिः**(१) यस पालिकामा दर्ता भएको ई-रिक्सा अन्य पालिकामा सरुवा सहमती लिइ जानको लागि अनुसुचि-१ बमोजिमको दस्तुरसहित अनुसुचि-६ बमोजिमको ढाँचामा सरूवा सहमती लिनको लागि दरखास्त पेश गर्नुपर्ने छ ।

(२) यस पालिकाबाट सरुवा सहमती दिंदा त्यस्तो ई-रिक्साबाट ऐन, नियमावली, कार्यविधि तथा प्रचिलत कानूनबमोजिम असुल गर्नुपर्ने कर, आयकर, दस्तुर, शुल्क, जरिवाना लगायत अन्य बक्यौता असुलउपर गर्नुपर्ने रहेछ भने त्यस्तो बक्यौता असुलउपर गरेर मात्र ई-रिक्साको सरुवा सहमती दिनुपर्नेछ।

१०. **परिवर्तन, हेरफेर तथा हेरफेर दर्ता सम्बन्धी व्यवस्थाः**(१) ई-रिक्साधनीले ई-रिक्साको रङ्ग, स्वरुप, नम्बर आदि परिवर्तन तथा हेरफेर गर्न चाहेमा स्वीकृतिको लागि अनुसूची-७ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त पर्न आएमा त्यस्तो ई-रिक्साको सम्बन्धमा पालिकाले सम्बन्धित कर्मचारीबाट आवश्यक जाँचबुझ गराई त्यस्तो हेरफेर दर्ता तथा परिवर्तन गर्न अनुसूची-१ बमोजिमको दस्तुर लिई स्वीकृत दिन सक्नेछ।

**११.** **<u>लिलाम दर्ताः</u>**(१) लिलाम बिक्रिबाट ई-रिक्सा दर्ता गराउन चाहने व्यक्ति, संघसंस्थाले लिलाम बिक्रि गरी ई-रिक्सा प्राप्त गर्दाको अवस्थाका सम्पूर्ण कागजपत्रहरुको प्रतिलिपि संलग्न गरी अनुसूची-१ बमोजिमको दस्तुरसहित अनुसूची-८ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) ई-रिक्सा लिलाम बिक्रिको सूचना प्रकाशित गर्दा नै लिलाम बिक्रिको सूचना प्रकाशित गर्ने सरकारी कार्यालय वा अन्य संघ-संस्थाले ई-रिक्सा दर्ता गर्ने वा पत्रु (स्क्रयाव)मध्ये कुन प्रयोजनका लागि सूचना प्रकाशित गर्ने हो, सोको व्यहोरा सूचनामा नै स्पष्ट उल्लेख गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिमको दरखास्त पर्न आएमा त्यस्तो दरखास्त सम्बन्धमा आवश्यक जाँचबुझ गरी ऐन, नियमावली तथा यस कार्यविधिको अधिनमा रही ई-रिक्सा दर्ता गरी दरखास्तवालालाई अनुसूची-४ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसुचि -५ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनुपर्नेछ ।

**१२.** **दर्ताको प्रमाण-पत्र नवीकरणः**(१) ई-रिक्सा दर्ता प्रमाण-पत्रमा लेखिएको म्याद नाघेको ९० (नब्बे) दिनभित्र दर्ताको प्रमाण-पत्र नवीकरण गराउन अनुसूची-१ बमोजिमको दस्तुर सहित पालिकामा अनुसूची-९ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) ई-रिक्साधनी वा निजले खटाएको व्यक्तीले उपदफा (१) बमोजिम दर्ताको प्रमाण-पत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी दर्ताको प्रमाण-पत्रसहितको दरखास्त दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दर्ताको प्रमाण-पत्र सहितको दरखास्त पेश हुन आएमा गाउँपालिकाले त्यस्तो दर्ताको प्रमाण-पत्र अर्को एक वर्षको लागि नवीकरण गर्नुपर्नेछ ।

(४) उपनियम (१) बमोजिमको म्याद नाघेपछि दर्ताको प्रमाण-पत्र नवीकरण गराउन दरखास्त दिने ई-रिक्सा धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्षसम्म दुई सय प्रतिशत, तीन वर्षसम्म तीन सय प्रतिशत, चार वर्षसम्म चार सय प्रतिशत र पाँच वर्षका लागि पाँच सय प्रतिशत दस्तुरसमेत लिई त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गर्नुपर्नेछ ।

**१३.** **<u>ई-रिक्साको नामसारीः</u>**(१) कुनै व्यक्तिको नाममा दर्ता भएको ई-रिक्सा अन्य व्यक्तिको नाममा नामसारी गराउन चाहेमा सम्बन्धित ई-रिक्साधनीले पालिकामा ऐनको दफा ३७ को उपदफा (१) बमोजिमको कागजात तथा अनुसूची-१ बमोजिमको दस्तुरसहित अनुसूची-१० बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) ई-रिक्साको नामसारी गर्दा खरिदकर्ता र बिक्रिकर्ता दुवै पालिकामा उपस्थित हुनुपर्नेछ र यसरी नामसारी गर्न आउँदा ई-रिक्सा खरिद तथा बिक्रिकर्ताले नागरिकताको सक्कल र अभिलेख प्रयोजनको लागि प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।

(३) नाबालकको नाममा नामसारी गर्नु परेमा नाबालकको जन्म दर्ता प्रमाण-पत्र, संरक्षक वा माथवर भएको वडाको सिफारिस, संरक्षक वा माथवरको नागरिकताको प्रमाण-पत्र तथा दुवैको पासपोर्ट साइजको दुई/दुई प्रति फोटोसमेत लिई उपस्थित हुनुपर्नेछ।

(४) नामसारी गर्दा ई-रिक्सा पालिकामा अनिवार्य रुपमा ल्याउनुपर्नेछ।

(५) ई-रिक्सा जुन पालिकामा दर्ता रहेको छ, सोही पालिकामा मात्र नामसारी गर्नुपर्नेछ।

(६) ई-रिक्सा आयातकर्ता, कम्पनी वा डिलरले ई-रिक्सा बिक्रि गरी बिल काटेको मितिले साठी दिनभित्र सम्बन्धित खरिदकर्ताको नाममा नामसारी गरिसक्नु पर्नेछ । त्यस्तो म्याद नाघी नामसारी गर्न आएमा ऐनको दफा १५८ को उपदफा (३) बमोजिम जरिवाना असुल गरेर मात्र नामसारी गरिदिनुपर्नेछ।

(७) ई-रिक्सा नामसारी गर्न चाहने व्यक्ति बिरामी भई अशक्त भएमा सम्बन्धित अस्पतालको सिफारिस र उमेरका कारणले अशक्त भएमा सम्बन्धित वडाको सिफारिस र कारागार वा हिरासतमा रहेको भए सम्बन्धित कार्यालयको सिफारिसमा पालिकाले कम्तिमा छैठौं तहको अधिकृतलाई डोर खटाई ई-रिक्साधनी भएको स्थानमा गई सनाखत गराई सम्बन्धित ई-रिक्साधनीबाट अनुसूची-१ बमोजिम डोर दस्तुर दिई पालिकामा नामसारी गरिदिनु पर्नेछ।

(८) ई-रिक्सा नाबालकको नाममा दर्ता वा नावालकको नामबाट अरु कसैका नाममा नामसारी गर्नु परेमा ऐन, नियमावली तथा यस कार्यविधिमा भएको व्यवस्थाको अतिरिक्त प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही संरक्षक वा माथवरको रोहवरमा निजको सनाखत समेत गराई नामसारी गरिदिनु पर्नेछ।

(९) ई-रिक्साधनी देश बाहिर वा भित्र बसोबास गरी सम्बन्धित पालिकामा उपस्थित हुन नसकेको अवस्थामा प्रचलित कानून बमोजिम जारी भएको अधिकृत वारेसनामा पेश गरेमा त्यस्तो अधिकृत वारेसनामाको आधारमा आवश्यक जाँचवुझ गरी ई-रिक्साको बिक्रि वा नामसारी गर्न सकिनेछ।

(१०) ई-रिक्सा बिक्रि गर्ने धनीले नामसारीका बखत उपस्थित हुन नसक्ने भए नामसारी हुने मितिभन्दा अगाडि ई-रिक्साधनी पालिकामा उपस्थित भई सम्बन्धित स्रेस्ता तथा नामसारी फारममा ल्याप्चे सहीछापसहित सनाखत गर्न पालिकामा निवेदन दिएमा त्यस् निवेदन मनासिव देखेमा सम्बन्धित फाँटका अधिकृतले निजको सक्कल नागरिकतासहित कागजात हेरी सो व्यहोरा प्रमाणित गरी सोही सनाखतको आधारमा सनाखत भएको मितिले पैंतीस दिन भित्र नामसारी गरिदिनु पर्नेछ।

(११) उपनियम (१) बमोजिम ई-रिक्सा नामसारीका लागि दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा पालिकाले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम नामसारी गर्न उपयुक्त देखेमा ऐन, नियमावली तथा यस कार्यविधिको अधीनमा रही ई-रिक्साको नामसारी गरिदिनु पर्नेछ।

१४. **<u>ई-रिक्साधनीको मृत्यु भएको ई-रिक्साको नामसारी:</u>**(१)दर्ता भएको कुनै ई-रिक्साधनीको मृत्यु हुन गएमा र उक्त ई-रिक्सा धनीको प्रचलित कानून बमोजिमको हकवालाले त्यस्तो ई-रिक्सा आफ्नो नाममा नामसारी गर्न चाहेमा ऐनको दफा ३७ को उपदफा (६) मा उल्लेख भए बमोजिमको कागजात तथा अनुसूची-१ बमोजिमको दस्तुरसहित त्यस्तो ई-रिक्सा दर्ता भएको पालिकामा अनुसूची-११ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) ई-रिक्साधनीको मृत्यु भई मृतकको नामबाट हकवालाको नाममा नामसारी गर्दा मृत्यु दर्ता प्रमाण-पत्र, नाता प्रमाणित भएको प्रमाण-पत्र साथै मृतकको सबैभन्दा नजिकको हकवाला हो भन्ने सम्बन्धित वडाको सिफारिस पेश गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा पालिकाले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम ई-रिक्साको नामसारी गर्न उपयुक्त देखेमा ऐन, नियमावली तथा यस कार्यविधिको अधीनमा रही ई-रिक्साको नामसारी गरिदिनु पर्नेछ।

१५. **<u>ई-रिक्सा नामसारी नहुने:</u>**(१) नियम १३ र १४ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्तिको नाममा दर्ता रहेको ई-रिक्सा दुर्घटना वा अन्य कारणबाट क्षतिग्रस्त भई त्यस्तो ई-रिक्साको ई-मोटर र चेसिस दुवै बिग्रिई काम नलाग्ने अवस्थामा रहेछ भने त्यसरी बिग्रिएको अवस्थामा ई-रिक्सा नामसारी हुने छैन ।

(२) प्रचलित कानूनबमोजिम ई-रिक्सा नामसारी रोक्का भएको वा कुनै प्रमाणको स्वामित्व सम्बन्धी विवाद परी हक-बेहक छुट्याउनु पर्ने अवस्थामा वा अन्य कारणबाट अदालतमा मुद्धा परी बिचाराधीन अवस्थामा रहेछ भने त्यस्तो मुद्धाको अन्तिम किराना नलागेसम्म त्यस्तो ई-रिक्साको नामसारी हुने छैन।

१६. **<u>दर्ता प्रमाण-पत्रको निलम्बन:</u>**(१) देहायको कार्य गरेको पाइएमा गाउँपालिकाले त्यस्तो ई-रिक्साको दर्ताको प्रमाण-पत्र छ महिनाको लागि निलम्बन गर्न सक्नेछ:

(क) समय-समयमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मापदण्ड विपरित ई-रिक्सा चलाएमा वा

(ख) पालिकाले तोकेको रुटभन्दा अन्य रुटमा पटकपटक चलाएको पाइएमा वा
(ग) ऐन, नियमावली र यस कार्यविधिको उल्लंघन गरेको पाइएमा।

**१७.** **<u>दर्ता प्रमाण-पत्र खारेजी सम्बन्धी व्यवस्थाः</u>**(१) ऐनको दफा ४१ बमोजिम कुनै ई- रिक्साधनीले त्यस्तो ई-रिक्साको दर्ताको प्रमाण-पत्र खारेज गरी लगतकट्टा गराउन चाहेमा पालिकामा अनुसूची-१२ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) कुनै ई-रिक्सा काम नलाग्ने गरी नासिएमा, कानूनबमोजिम अन्य पालिका लगिएमा, नभेटिने गरी हराएमा वा ई-रिक्साधनीले आफ्नो स्व-इच्छाले ई-रिक्साको लगत कट्टा गरिदिन उपनियम (१) बमोजिम निवेदन दिएमा लगतकट्टा गर्ने त्यस्तो ई-रिक्साको सम्बन्धित अधिकारीको रोहवरमा ई-मोटर र चेसिस पुनः प्रयोग हुन नसक्ने गरी नष्ट गरेर मात्र दर्ता खारेजी गरी लगतकट्टा गरिदिनु पर्नेछ।

(३) कुनै ई-रिक्सा काम नलाग्ने गरी वा नभेट्ने गरी हराएमा सम्बन्धित प्रहरी कार्यालयको सरजमिन मुचुल्कासहितको सिफारिस, सम्बन्धित अधिकारीको स्थलगत प्रतिवेदन, ई-रिक्सा धनीको नभेटिएको वा काम नलाग्ने गरी नासिएको हो भन्ने स्वघोषणा पत्र र बिमा गरेको निकायको पत्र, कानूनबमोजिम बिदेश लगिएको ई-रिक्साको हकमा बिदेशमा लगिएको पुष्टी हुने कागजात पेश गरिसकेपछि मात्र त्यस्तो ई-रिक्साको दर्ता खारेजी गरी लगतकट्टा गर्नुपर्नेछ।

(४) यस कार्यविधिको निमय ९ को उपनियम (३) बमोजिम सरुवा सहमती भई गएको ई-रिक्साको लगतकट्टा गर्नुपर्नेछ।

(५) ई-रिक्साको लगतकट्टा गर्दा त्यस्तो ई-रिक्साबाट ऐन, नियमावली, कार्यविधि तथा प्रचिलत कानूनबमोजिम असुल गर्नुपर्ने कर, आयकर, दस्तुर, शुल्क, जरिवाना लगायत अन्य बक्यौता असुलउपर गर्नुपर्ने रहेछ भने त्यस्तो बक्यौता असुल गरेर मात्र ई-रिक्साको दर्ता खारेज गरी लगतकट्टा गर्नुपर्नेछ।

**१८.** **<u>दर्ता प्रमाण-पत्रको प्रतिलिपिः</u>** (१) ऐनको दफा ४३ मा उल्लिखित अवस्था परी कुनै ई- रिक्साको दर्ता प्रमाण-पत्रको प्रतिलिपि आवश्यक परेमा सम्बन्धित ई-

रिक्साधनीले अनुसूची-१ बमोजिमको दस्तुरसहित अनुसूची-१३ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ । तर हराएको वा नासिएको हकमा भने ट्राफिक प्रहरी कार्यालयको सिफारिस संलग्न गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा पालिकाले आवश्यक जाँचवुझ गरी दरखास्तवालाको मागबमोजिम दर्ता प्रमाण-पत्रको प्रतिलिपि दिनुपर्नेछ।

## परिच्छेद-२

## ई-रिक्सा व्यवस्थापन तथा जाँचपास

**१९. बाटो इजाजत-पत्र** (१) यस कार्यविधि बमोजिम दर्ता भएका ई-रिक्साले यस पालिकाभित्र सञ्चालन गर्ने गरी बाटो इजाजत-पत्र लिन ई-रिक्सा धनी वा व्यवस्थापकले बाटो इजाजत-पत्रको लागि अनुसूची-१ बमोजिमको दस्तुरसहित कार्यालयमा अनुसूची-१४ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) बाटो इजापत्र-पत्र दिंदा पालिकाले कायम गरेको रुटहरुमा रुट तोकि सोही बमोजिम दिइनेछ । त्यसरी रुट तोक्दा राष्ट्रिय राजमार्गमा संचालन गर्नेगरी तोकिने छैन । तर राष्ट्रिय राजमार्ग क्रस गर्नेगरी ई-रिक्सा संचालन गर्न रोक लागाइने छैन ।

(३) यस पालिकासँग जोडिएको अन्य पालिकाको क्षेत्रभित्र पर्ने गरी बाटो इजाजत माग गरेमा सम्बन्धित पालिकाको सहमती-पत्रको आधारमा बाटो इजाजत-पत्र दिन सकिनेछ।

(४) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा पालिकाले आवश्यक जाँचबुझ गरी अनुसूची-१५ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसुची-१६ बमोजिमको ढाँचामा तोकिएको रुटमा संचालन गर्ने बाटो इजाजत-पत्र दिनेछ।

**२०. पटके बाटो इजाजत पत्रः** (१) यस पालिकाभित्र दर्ता भएका ई-रिक्सा अन्य पालिकामा एक पटक गएर फर्किनको लागि पालिकाले तोकेको स्थानबाट पटके

बाटो लिनको लागि अनुसुचि-१ बमोजिमको दस्तुरसहित अनुसुचि-१७ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) कोशी प्रदेशको अन्य पालिकमा दर्ता भएका ई-रिक्सा यस पालिकामा आएर फर्कनु पर्ने भएमा पालिकाले तोकेको स्थानबाट पटकेबाटो लिनको लागि अनुसुचि-१ बमोजिमको दस्तुरसहित अनुसुचि-१८ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(३) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा पालिकाले आवश्यक जाँचबुझ गरी अनुसुचि-१९ बमोजिमको पटकेबाटो इजाजत-पत्र दिनेछ।

(४) पटके बाटो इजाजत-पत्र सिमाना जोडिएका कुनै एक पालिकाबाट लिन सकिने छ ।

२१. **बाटो इजाजत-पत्रको निलम्बनः** (१) देहायको कार्य गरेको पाइएमा पालिकाले त्यस्तो ई-रिक्साको बाटो इजाजत-पत्र छ महिनाको लागि निलम्बन गर्न सक्नेछः

(क) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मापदण्ड विपरित ई-रिक्सा चलाएमा वा
(ख) पालिकाले तोकेको रुटभन्दा अन्य रुट पटकपटक चलाएको पाइएमा वा
(ग) ऐन, नियमावली र यस कार्यविधिको उल्लंघन गरेको पाइएमा।

२२. **बाटो इजाजत-पत्रको खारेजीः** कार्यविधिको नियम (१७) बमोजिम दर्ता प्रमाण-पत्र खारेज हुँदा बाटो इजाजत पत्र स्वतः खारेज हुने छ ।

२३. **बाटो इजाजत-पत्रको नामसारीः** कार्यविधिको नियम (१२) र (१३) बमोजिम दर्ता प्रमाण-पत्र नामसारी हुँदा बाटो इजाजत पत्र स्वतः नामसारी हुने छ ।

२४. **बाटो इजाजत-पत्रको प्रतिलिपीः**(१) बाटो इजाजत पत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा ई-रिक्सा धनी वा व्यवस्थापकले बाटो इजाजत-पत्रको प्रतिलिपि लिन अनुसुचि-१ बमोजिमको दस्तुरसहित अनुसुचि-२० बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त पर्न आएमा पालिकाले आवश्यक जाँचबुझ गरी बाटो इजाजत-पत्रको प्रतिलिपि दिनेछ।

**२५. <u>जाँचपास प्रमाण-पत्र</u>:** (१) यस कार्यविधि बमोजिम दर्ता भएको सार्वजनिक ई-रिक्साको जाँचपास प्रमाण-पत्र लिनको लागि अनुसूचि-१ बमोजिमको दस्तुरसहित अनुसूचि-२१ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।जाँचपास प्रमाण-पत्र बिना सार्वजनिक इ-रिक्सा सञ्चालन गर्न पाइने छैन ।

(२) कम्पनी वा डिलरका नामबाट नामसारी गरी सार्वजनिक ई-रिक्सा सचालन गर्न चाहने व्यक्ति वा संघ/सस्थाले आफ्नो नाममा ई-रिक्सा नामसारी भएको मितिले सात दिनभित्र जाँचपासको प्रमाण-पत्र लिई सक्नु पर्नेछ ।

(३) ई-रिक्साको जाँचपास गर्दा प्रचलित कानूनबमोजिम तोकिएको मापदण्ड र प्रक्रिया अवलम्वन गर्नुपर्ने छ ।

(४) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा पालिकाले सम्बन्धित प्राविधिक मार्फत जाँचपास गर्न लगाई जाँचपास विवरण फारम बमोजिमको व्यहोरा ठिक देखिन आएमा अनुसुचि-२२ बमोजिमको जाँचपास कितावमा दर्ता गरी अनुसूचि- २३ बमोजिमको ढाँचामा ६ (छ) महिना म्याद भएको जाँचपास प्रमाण-पत्र दिनु पर्नेछ ।

**२६. <u>जाँचपास प्रमाण-पत्रको प्रतिलिपि</u>** : (१) कुनै ई-रिक्साको सक्कल जाँचपास प्रमाण-पत्र हराएमा, च्यातिएमा, झुत्रो भै नबुझिने भएमा वा अन्य कारणबाट नासिएमा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले जाँचपास प्रमाण-पत्रको प्रतिलिपिको लागि अनुसूचि-१ बमोजिमको दस्तुरसहित अनुसूचि-२४ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ । तर त्यस्तो जाँचपास प्रमाण-पत्र हराएको हकमा सम्बन्धित ट्राफिक कार्यालयको सिफारिस अनिवार्य संलग्न गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा पालिकाले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको मागबमोजिम जाँचपास प्रमाण-पत्रको प्रतिलिपि दिन आवश्यक देखेमा जाँचपास प्रमाण-पत्रको प्रतिलिपि दिनुपर्नेछ ।

२७. **<u>जाँचपास किताब</u>** : नियम २५ र २६ बमोजिम जाँचपास प्रमाण-पत्र दिइएको,नविकरण गरिएको व्यहोरा अद्यावधिक रुपमा राख्न गाउँपालिकाले अनुसूचि-२१ बमोजिमको ढाँचामा जाँचपास किताब तयार गरी राख्नुपर्नेछ ।

२८. **<u>बिमा सम्बन्धी व्यवस्थाः</u>** विमा समितिबाट लागु भएको मोटर विमा दर सम्बन्धी निर्देशिका बमोजिम ई-रिक्सा धनी वा व्यवस्थापकले प्रत्येक ई-रिक्साको विमा गरी विमा अवधि कायम रहेको विमालेख हेरेर मात्र ई-रिक्साको दर्ता, नामसारी, नवीकरण लगायतका सेवा प्रदान गरिने छ ।

२९. **<u>ई-रिक्साको निरीक्षण तथा अनुगमनः</u>** यस पालिकामा दर्ता भएका ई-रिक्साको निरीक्षण तथा अनुगमन मन्त्रालय, कार्यालय, सम्बन्धित निकाय तथा यस पालिकाबाट हुनेछ ।

अनुसूची-१

(कार्यविधिको दफा (८) सँग सम्बन्धित)

**<u>ई-रिक्साको विभिन्न दस्तुर तालिका</u>**

| क्र.स. | शुल्कको विवरण | ई-रिक्साको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | दर्ता | निजी | १०००।- |
| | | सार्वजनिक | ११००।- |
| २. | परिवर्तन, हेरफेर | निजी | ५००।- |
| | | सार्वजनिक | ६००।- |
| ३. | दर्ताको प्रमाण-पत्र नवीकरण | निजी | ५००।- |
| | | सार्वजनिक | ६००।- |
| ४. | नामसारी | निजी | ७००।- |
| | | सार्वजनिक | ८००।- |
| ५. | डोर दस्तुर | निजी | - |
| | | सार्वजनिक | - |
| ६. | दर्ताको प्रमाण-पत्र प्रतिलिपी | निजी | २००।- |
| | | सार्वजनिक | ३००।- |
| ७. | बाटो इजाजत-पत्र | सार्वजनिक | - |
| ८. | बाटो इजाजत-पत्र नवीकरण | सार्वजनिक | - |
| ९. | बाटो इजाजत-पत्र नामसारी | सार्वजनिक | - |
| १०. | बाटो इजाजत-पत्र प्रतिलिपी | सार्वजनिक | - |

| | | | |
|---|---|---|---|
| ११. | ई-रिक्साको जाँचपास प्रमाण-पत्र | सार्वजनिक | ५००।- |
| १२. | ई-रिक्साको जाँचपास प्रमाण-पत्रको प्रतिलिपि | सार्वजनिक | १००।- |

स्पष्टीकरणः- संस्थानका ई-रिक्साहरुको दस्तुर सार्वजनिक ई-रिक्सा सरह र सरकारी ई-रिक्साहरुको दस्तुर निजी सरह लाग्नेछ।

अनुसूची-२

(कार्यविधिको दफा (८) सम्बन्धित)

## ई-रिक्सा दर्ता गर्न दिइने दरखास्त

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गौरीगञ्ज गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा।

मेरो/हाम्रो नाममा खरिद भएको/प्राप्त भएको/झिकाएको निम्न विवरण भएको ई-रिक्सा शुरु/ स्थान्तरण/ सरुवा दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरु यसै साथ राखी पेश गरेको छु/छौं। उक्त ई-रिक्सा जाँच गरी मेरो/हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाण-पत्र पाउन दरखास्त दिएको छु/छौं।

१. ई-रिक्सा दर्ता गराउने (व्यक्ति, फर्म, कम्पनी वा संस्था) को नाम, थरः-
२. ठेगानाः- (क) स्थायीः- (ख) अस्थायीः-
३. पिता वा पतिको नाम थर (व्यक्ति भएमा):-
४. ई-रिक्सामा भएको दर्ता नं. (साविकको):-
५. ई-रिक्साको किसिमः-
६. ई-रिक्सा बनाउने कम्पनीको नामः-
७. ई-रिक्साको मोडेल नं. (निर्माण भएको साल)
९. ई-रिक्साको क्षमता.:-
११. ई-रिक्साको चेसिस नं.:-
१२. ई-रिक्साको रङ्गः-
१४. ई-रिक्सामा भएको इलेक्ट्रोनिक संचारको उपकरण (रेडियो, क्यासेट, टेलिफोन आदि)
१५. ई-रिक्साको वजन क्षमताः- (क) कुल वजनः-
(ख) भारवहन क्षमताः-

(ग) सिट संख्याः-

१६. प्रयोगः- १७. चलाउने क्षेत्रः-

१८. भन्सार तिरेको निस्साः- (क) भन्सार कार्यालयको नामः-

(ख) प्रज्ञापन पत्र नं.:-

(ग) रसिद नं.:-

(घ) मितिः-

२०. झिकाउने इजाजत पाएको निस्सा (क) निस्सा दिने कार्यालयः-

(ख) निस्सा प्रमाण-पत्र नं.:-

(ग) मितिः-

२१. अन्य प्रमाण-पत्रको विवरणः-

दरखास्तवालाको

सहीः-

नाम, थरः-

ठेगानाः-

मितिः-

<u>कार्यालय प्रयोजनको लागि</u>

ई-रिक्सानिरीक्षणको व्यहोराः-

ई-रिक्सा नं. .......... मो. नं. .......... चे.न. ......................

अन्य व्यहोरा भए खुलाउने..............................................................................

.......................................

निरीक्षण गर्ने प्राविधिकको सही

प्रदान गरिएको दर्ता नं.:-

दर्ता मितिः-

माथि उल्लेखित सम्पूर्ण विवरणहरुका साथै प्राविधिक प्रतिवेदनबाट ई-रिक्सा दर्ता गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश गर्ने।

........................... ......................................

फाँटवालाको सही दर्ता गर्ने अधिकारीको सही

## अनुसूची-३

(कार्यविधिको दफा (८) (४) सँग सम्बन्धित)

**पालिकाले दिइने ई-रिक्साई-रिक्साको नम्बर प्लेटको कोड र सङ्केत (अङ्क र अक्षरमा)**

(क) साना (टेम्पो, अटोरिक्सा आदि जस्ता तीनपाङग्रे) ई-रिक्सा साधनहरुको लागि।

| स्थानीय तहको नाम | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| गौरीगञ्ज गाउँपालिका | स | ह | क्ष | त्र | - |

**उदाहरणार्थः** स्थानीय तह गौरीगञ्ज गाउँपालिकामा दर्ता भइ ई-रिक्सा समूह अङ्क ००१ र दर्ता नम्बर ११०० भएको निजी तीनपाङ्ग्रे (ई-रिक्सा) ई-रिक्सामा देहाय बमोजिमको नम्वर प्लेट राख्ने।

| अगाडि | पछाडि |
|---|---|
| गौरीगञ्ज गाउँपालिका | गौरीगञ्ज गाउँपालिका |
| ००१ स ११०० | ००१ स ११०० |

(ख) यस्तो दर्ता नम्बर एउटा सङ्केत अक्षरमा बढीमा चार अङ्कसम्म (१ देखी ९९९९) सम्म मात्र हुनेछ। प्रयोग अनुसार कुनै एक सङ्केत अक्षरमा चार अङ्कको सबैभन्दा ठुलो सङ्ख्या (९९९९) पुगेपछि क्रमशः अर्को सङ्केत अक्षर दिई त्यसमा पनि १ देखि ९९९९ सम्म दिदै जानु पर्नेछ।

अनुसूची-४

(कार्यविधिको दफा (८) (५) र (११) (३) दफा सँग सम्बन्धित)

## <u>ई-रिक्सा दर्ता किताब</u>

गौरीगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गौरीगञ्ज, झापा

कोशी प्रदेश, नेपाल

ई-रिक्सा दर्ता नम्बर-
ई-रिक्साको किसिम-
ई-रिक्साको दर्ता मिति-

ई-रिक्सा धनीको फोटो

## ई-रिक्सा दर्ता लगत विवरण

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|

| ई-रिक्साको विस्तृत विवरण | ई-रिक्सा दर्ता गराउने निस्साहरुको विवरण | ई-रिक्सा धनीको नाम थर र ठेगाना | ई-रिक्सा धनीको दस्तखत | ई-रिक्साको नामसारी | | ई-रिक्साको दर्ता प्र.प. को नवीकरण | | दस्तुर बुझाएको रसिद नम्बर र मिति | चढाउने वा फाँटवालाको दस्तखत | ई-रिक्सा दर्ता नामसारी वा नवीकरण प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बिक्री गर्नेको सही | खरिद गर्नेको सही | नवीकरण मिति | म्याद पुग्ने मिति | | | | |
| १. ई-रिक्साको दर्ता नम्बर-<br>२. ई-रिक्सा दर्ता मिति-<br>३. ई-रिक्साको मोडेल वा निर्माण भएको वर्ष-<br>४. बनाउने कम्पनी-<br>७. कुल बजन-<br>८. बजन क्षमता सिट वा बोक्ने क्षमता-<br>(क) सिट सङ्ख्या-<br>(ख) बजन क्षमता-<br>१०. इन्जिन नम्बर- | १. भन्सार तिरेको निस्सा-<br>(क) भन्सार कार्यालयको नाम-<br>(ख) प्रज्ञापन पत्र नम्बर<br>(ग) रसिद नम्बर-<br>(घ) मिति-<br>(ङ) अन्य-<br>(ङ) झिकाउने इजाजत पाएको निस्सा- | | | | | | | | | | |

अनुसूची-५

(कार्यविधिको दफा (८) (५) र (११) (३) दफा सँग सम्बन्धित)

**ई-रिक्सा दर्ता प्रमाण पत्र**

गौरीगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गौरीगञ्ज, झापा

कोशी प्रदेश, नेपाल

ई-रिक्सा दर्ता नं. ...................

ई-रिक्साको किसिमः .................

अधिकृतको सही

दर्ता मितिः .............................

ई-रिक्सा धनीको नाम थर, वतनः ...........................

ई-रिक्सा धनीको हस्ताक्षरः

ई-रिक्सा धनीको फोटो

दर्ता गर्ने अधिकारीको

हस्ताक्षरः ....................

मितिः.................

नामसारी भएको मिति

ई-रिक्सा धनीको नाम, थर, वतनः

...............................................................

ई-रिक्सा धनीको फोटो

नामसारी गर्ने अधिकारीको

हस्ताक्षरः .................

अनुसूचि-६

(कार्यविधिको दफा (९) (१) सँग सम्बन्धित)

**ई- रिक्साको सरुवा सहमती लानको लागि दिइने दरखास्त**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गौरीगञ्ज गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा।

मेरो/हाम्रो नाममा यस गौरीगञ्ज गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता कायम रहेको निम्न विवरण भएको ई-रिक्सा .....................................गाउँपालिका/न.पा. मा सरुवा सहमती लानको लागि निस्सा प्रमाणहरु यसै साथ संलग्न राखी पेश गरेको छु/छौं। सरुवा सहमती पाउँ।

१ ई-रिक्सा धनी व्यक्ति/फर्म/कम्पनी वा संस्था को नाम, थरः-
२. ठेगानाः- ३. ई-रिक्सा दर्ता नं.
४. ई-रिक्साको किसिमः- ५. ई-रिक्सा बनाउने कम्पनीको नामः-
६. ई-रिक्साको मोडेल निर्माण भएको सालः- ७. ई-रिक्साको चेसिस नं.-
७८. व्याट्रीको संख्याः- ९. हर्ष पावर सि.सि.:-
१०. ई-रिक्साको रङ्गः-
११. ई-रिक्सामा भएको इलेक्ट्रोनिक संचारको उपकरण (रेडियो, क्यासेट र टेलिफोन आदि)
१२. ई-रिक्साको बजन क्षमताः- (क) कुल बजनः-
(ख) भारवहन क्षमताः-
(ग) सिट संख्याः-
१३. प्रयोगः- १४. जाँचपास प्रमाण-पत्रको अवधीः
१५. भन्सार तिरेको निस्साः- (क) भन्सार कार्यालयको नामः-
(ख) प्रज्ञापन पत्र नं.:-
(ग) रसिद नं.:-
(घ) मितिः-
१६. प्रवेश दर्ता प्रमाण पत्रको निस्साः-
(क) प्रवेश दर्ताको निस्सा दिने प्रहरी कार्यालयको नामः-
(ख) प्रवेश दर्ताको निस्सा दिएको मितिः- (ग) प्रवेश दर्ता निस्सा नं.:-
१७. झिकाउने इजाजत पाएको निस्सा :- (क) निस्सा दिने कार्यालयः-
(ख) निस्सा पत्र नं.:- (ग) मितिः-
१८. अन्य प्रमाणको विवरणः- दरखास्तवालको
सहीः-
नाम, थरः-
ठेगानाः-
मितिः-

कार्यालय प्रयोजनको लागि

ई-रिक्सा निरीक्षणको व्यहोराः-

| ................................... | ..................... | ............................. |
|---|---|---|
| निरीक्षण गर्ने प्राविधिकको सही | फाँटवालाको सही | प्रमाणित गर्ने अधिकरीको सही |

अनुसूचि-७

(कार्यविधिको दफा १० (१) सँग सम्बन्धित)

**ई-रिक्साको उपकरण परिवर्तन, हेरफेर वा हेरफेर दर्ता गर्न दिइने दरखास्त**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

गौरीगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गौरीगञ्ज, झापा।

मेरो/हाम्रोनाममा दर्ता रहेको दर्ता नं. .................ई-रिक्साको चेसिस/रङ्ग/सिट/स्वरुप/ ई-रिक्साको नम्बर परिवर्तन/हेरफेर गर्नु पर्ने भएकोले आवश्यक दस्तुर र प्रमाण संलग्न राखी दरखास्त दिएको छु/छौं । ई-रिक्सा जाँची बुझी.................परिर्वतन/हेरफेर गर्न स्वीकृति पाँउ । फरक परेमा कानून बमोजिम सहुँला/बुझउला ।

१. ई-रिक्सा धनीको नाम थर र ठेगानाः-

२. ई-रिक्सा दर्ता नं.-

३. ई-रिक्साको किसिमः-

४. ई-रिक्सामा परिवर्तन, हेरफेर तथा हेरफेर दर्ता गर्नु परेको कारणः-

५. भन्सार गरी ल्याएको भए भन्सार प्रज्ञापनपत्र र रसिद नं.-

६. जाँचपास प्रमाण-पत्र नं. र अवधीको विवरणः-

७. अन्य कागजातः-

दरखास्तवालको

सहीः-

नाम, थरः-

ठेगानाः-

मितिः-

ई-रिक्सा उपकरण, परिवर्तन, हेरफेर तथा हेरफेर दर्ता सम्बन्धमा प्राविधिकको रायः-

| ..................................... | ............... | ............................... |
|---|---|---|
| ई-रिक्सा जाँच्ने प्राविधिको सही | फाँटवालाको सही | हेरफेर तथा हेरफेर दर्ता गर्न |

स्वीकृत दिने अधिकृतको सही......................

अनुसुची-८

(कार्यविधिको दफा ११ (१) सँग सम्बन्धित)

**ई-रिक्सा लिलाम दर्ता गर्न दिइने दरखास्त**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा।

मेरो/हाम्रो नाममा लिलाम सकार भएको निम्न विवरण भएको ई-रिक्सालिलाम दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरु यसै साथ संलग्न राखी पेश गरेको छु/छौं। उक्त ई-रिक्सा जाँच गरी मेरो/हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाण-पत्र पाउन दरखास्त दिएको छु/छौं।

१. ई-रिक्सा दर्ता गराउने (व्यक्ति, फर्म, कम्पनी वा संस्था) को नाम, थरः-
२. ठेगानाः- (क) स्थायीः- (ख) अस्थायीः-
३. पिता वा पतिको नाम थर(व्यक्ति भएमा):- ४. ई-रिक्सामा भएको दर्ता नं. (साविकको):-
५. ई-रिक्साको किसिमः- ६. ई-रिक्सा बनाउने कम्पनीको नामः-
७. ई-रिक्साको मोडेल नं. (निर्माण भएको साल) ८. ई-रिक्साको क्षमता.:-
९. ई-रिक्साको चेसिस नं.:- १०. ई-रिक्साको रङ्गः-
११. ई-रिक्सामा भएको इलेक्ट्रोनिक संचारको उपकरण (रेडियो, क्यासेट, टेलिफोन आदि)
१२. ई-रिक्साको वजन क्षमताः- (क) कुल वजनः-
(ख) भारवहन क्षमताः-
(ग) सिट संख्याः-

१३. प्रयोगः- १४. चलाउने क्षेत्रः- १५. भन्सार तिरेको निस्साः-
(क) भन्सार कार्यालयको नामः- (ख) प्रज्ञापन पत्र नं.:-
(ग) रसिद नं.:- (घ) मितिः-

१६. झिकाउने इजाजत पाएको निस्सा (क) निस्सा दिने कार्यालय:-
(ख) निस्सा प्रमाण-पत्र नं.:- (ग) मिति:-

१७. लिलाम गर्ने निकायको (क) नामः............
(ख) ठेगनाः-

(ग) लिलाम दर्ता गरिदिने बारेको पत्रको चलानी नं.
(घ) मितिः

१८. अन्य प्रमाण-पत्रको विवरणः-

दरखास्तवालाको
सहीः-
नाम, थरः-
ठेगानाः-
मितिः-

---

**कार्यालय प्रयोजनको लागि**

ई-रिक्सानिरीक्षणको व्यहोराः-
ई-रिक्सा नं. .......... मो. नं. .......... चे.न.
......................
अन्य व्यहोरा भए
खुलाउने...............................................................................

निरीक्षण गर्ने प्राविधिकको सही...............

प्रदान गरिएको दर्ता नं.:- दर्ता मितिः-

माथि उल्लेखित सम्पूर्ण विवरणहरुका साथै प्राविधिक प्रतिवेदनबाट ई-रिक्सा दर्ता गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश गर्ने।

.......................... ......................................
फाँटवालाको सही दर्ता गर्ने अधिकारीको सही

अनुसुचि- ९

(कार्यविधिको दफा (१२) (१) सँग सम्बन्धित)

**<u>ई-रिक्साको दर्ता प्रमाण-पत्र नवीकरण गराउन दिइने दरखास्त</u>**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज , झापा।

मेरो/हाम्रो नाममा दर्ता भएको निम्न विवरण भएको ई-रिक्सा दर्ताको प्रमाण-पत्रको नवीकरणको लागि लाग्ने दस्तुर र अन्य आवश्यक निस्सा यसै साथ संलग्न गरी दरखास्त दिएको छु/दिएका छौं । नियमानुसार नविकरण गरि पाउ ।

१. ई-रिक्सा दर्ता नं.- २. ई-रिक्साको किसिमः—

३. ई-रिक्सा धनीको नाम थरः- ४. ई-रिक्सा नवीकरण म्याद समाप्त भएको मितिः-

५. ई-रिक्सा दर्ता प्रमाण-पत्रनवीकरण गर्नु पर्ने अवधिः-

६. ई-रिक्सा साधन आयकर बुझाएको निस्साः-

(क) ई-रिक्सा आयकर बुझाएको कार्यालयः- (ख) रसिद वा भौचर नं.-

(ग) मितिः-

७. भाडाका ई-रिक्साको लागि बाटो इजाजत पत्रः-

(क) बाटो इजाजत पत्र नं.- (ख) बाटो इजाजत पत्र लिएको मितिः-

(ग) बाटो इजाजत पत्र पाएको अवधिः- (घ) बाटो इजाजत पत्र पाएको क्षेत्रः-

८. चाँचपास प्रमाण-पत्र नं. र मिति

९. अन्य

दरखास्तवालाको
सहीः-
नाम, थरः-
ठेगानाः-
मितिः-

**कार्यालय प्रयोजनको लागि**

नवीकरण गरेको मितिः-
नवीकरण गरेको अवधिः-

.................................... .................... ...............................
जाँचबुझ गर्ने प्राविधिकको सही फाँटवालाको सही नवीकरण गर्ने अधिकारीको सही

अनुसूचि-१०
(कार्यविधिको दफा (१३) (१) सँग सम्बन्धित)
**ई-रिक्सा नामसारी गराउन दिइने दरखास्त**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा।

**विषयः- नामसारी ।**

लिखितम मेरो/हाम्रो नाममा दर्ता भई मेरो/हाम्रो हक भोगमा रहेको चेसिस नं.................. मोडेल नं................भएको .....................नं. को ई-रिक्सा मैलै /हामीले निम्न लिखित नाम थर, ठेगाना भएको व्यक्ति/व्यक्तिहरु/फर्म/कम्पनि/संस्थालाई किनाराका साक्षीको रोहवरमा राखी उक्त ई-रिक्सा निज/निजहरुको नाममा नामसारी गरिदिनुहुन अनुरोध गर्दछु/गर्छौं । माथिको व्यहोरा फरक पारी बिक्री/लिलाम/उपहार/बकस गरेको भएमा कानून बमोजिम सहुँला/बुझाउँला ।

औंठा छाप

| दाँया | बाँया |
|---|---|
| | |

बिक्री/लिलाम/उपहार/बकस गरिदिने
सही -
नाम, थरः-
वर्षः-

ठेगानाः- प्रदेश ......... जिल्ला ....... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.
वडा नं.- टोलः- फोन/मोवाइल नं.-
बाबु/पतिको नामः- बाजेको नाम-

**साक्षी**

१.

२.

उपयुक्त बमोजिमको ई-रिक्सा साधन माथि उल्लेखित व्यक्ति/व्यक्तिहरु/फर्म/कम्पनी/संस्थाबाट मैले/हामीले खरिद/लिलाम सकार/उपहार/वकस/हकभोग कायम गरी लिएको हो । यसमा कुनै फरक पर्ने छैन । फरक पारी लेनदेन गरेको ठहरे यो नामसारी बदर गरी कानून बमोजिम दण्ड सजाय गरेमा सहन बुझाउन तयार छु/छौं ।

औंठा छाप

| दाँया | बाँया |
|---|---|
| | |

खरिद गर्ने/लिलाम साकार गर्ने/उपहार/बकस पाउनेको

सहीः-

नाम थरः-

वर्षः-

ठेगानाः-प्रदेश ........ जिल्ला ........गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.

वडा नं.- टोलः- फोन/मोवाइल नं.-

बाबु/पतिको नामः-

बाजेको नाम-

लेखकः-

**पेश भएका कागज पत्रहरुः-**

१. लिने दिने दुबैको नागरिताः-

(क) दिनेकोः-जिल्लाः- नागरिक्ता नं.-

मिति-

(ख) लिनेकोः- जिल्लाः- नागरिक्ता नं.-

मिति-

२. ई-रिक्सा आयकर तिरेको प्रमाणः- (क) ई-रिक्सा आयकर बुझाएको कार्यालयः-

(ख) मितिः- (ग) अवधिः-

(घ) रसिद वा भौचर नं.-

३. सार्वजनिक ई-रिक्सा भए बाटो इजाजत लिएको

(क) प्रमाण पत्र नं................. (ख) पाएको क्षेत्रः-

(ग) पाएको मितिः- (घ) अवधिः-

४. संस्था/फर्म/कम्पनीको नाममा लेनदेन भएको भए सम्बन्धितको पत्रः-

(क) पत्र संख्या च.नं............................मिति.............................

५. वारिसनामा वा प्रतिनिधि तोकि आएको भए सोको पत्र, प्रमाण तथा नागरिकताको वा परिचय पत्रको प्रमाणित प्रतिलिपि ।

६. नामसारीको लागि बुझाएको दस्तुर रसिद नं............ र मिति...................

७. चाँचपास प्रमाण-पत्र नं. र अवधीः-

८. अन्य प्रमाणहरुः-

इति सम्बत २०.....साल.............महिना....गते रोज ..............शभम्

**कार्यालय प्रयोजनको लागि**

ई-रिक्सा जाँच प्रतिवेदनको व्यहोरा.....................................

ई-रिक्सा जाँच्ने प्राविधिकको सही

उपर्युक्त बमोजिम लेनदेनको मन्जुरी गरी मेरो रोहवरमा सही/सनाखत गरेको र उल्लेखित कागजपत्रहरु समेत पेश गरी सकेको हुँदा नामसारी गरिदिन पेश गरेको छु ।

फाँटवालाको सहीः-
नाम, थरः-
मितिः-

नामसारी सदर गरी प्रमाणित गरिदिने अधिकारीको

सहीः-
नाम, थरः-
मितिः-

द्रष्टव्य :- उपर्युक्त बमोजिम नामसारी दरखास्त फारम नेपाली कागजमा छपाइएको हुनुपर्नेछ ।

अनुसूचि-११

(कार्यविधिको दफा १४ (१) सँग सम्बन्धित)

**ई-रिक्सा धनीको मृत्यु भएमा ई-रिक्साको नामसारी गर्न दिईने दरखास्त**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा।

**विषय : नामसारी ।**

मेरो/हाम्रो हक भोगमा रहेको चेसिस नं............दर्ता नं........... को ई-रिक्सा धनी श्री ............................को मृत्यु भएकोले स्थानीय पञ्जीकाधिकरी कार्यालयको मृत्यु दर्ता प्रमाण-पत्रनं. ..........मिति............ ........................... कार्यालय...........को नाता प्रमाणीत पत्र एवं नजिकको हकवाला भन्ने व्यहोराको पत्र साथ ई-रिक्सा प्रमाण पत्र, नागरिता प्रमाण-पत्र बाटो इजाजत पत्र, संस्था/फर्म/कम्पनी भए पत्रको च.नं.....मिति.......वा प्रतिनिध्त्वपत्र संलग्न राखी तोकिएको दस्तुरसहित नामसारी निवेदन गरेको छु/छौ । नामसारी गरिदिनु हुन अनुरोध गर्दछु/छौं ।माथिको व्यहोरा फरक परेमा कानून बमोजिम सहुँला / बुझाउँला ।

**संलग्न कागजातहरु-**

१. मृतकको मृत्यु दर्ता प्रमाणपत्रः-
२. जिल्ला प्रशासन कार्यालयको नाता प्रमाणितपत्रः-
३. नागरिकाताको प्रमाण-पत्रहरु
३. ई-रिक्साको स.द.प्र.प.-
४. बाटो इजाजत प्रमाण-पत्रस-
५. जाँचपास प्रमाण-पत्र नं. र अवधिः-
६. अन्य प्रमाणहरुः-

माथि लेखिएको ई-रिक्सा...............मेरो / हाम्रो हकभोगको भएकोले कुनै फरक पर्ने छैन । फरक पारिएको वा झुठा ठहरिएमा नामसारी बदर गरी कानून बमोजिम सहुँला/बुझाउँला ।

| औंठा छाप | |
|---|---|
| दाँया | बाँया |

हकवालाको-
सहीः-
नाम, थरः-
वर्षः- ठेगानाः-

ई-रिक्सा जाँचको विस्तृत प्रतिवेदनः-
ई-रिक्सा जाँच्ने प्राविधिकको सही - ................................

माथि उल्लेखित प्रमाणहरुको साथै सही सनाखतको आधारमा नामसारी गरिदिने पेश गरेको छु ।

..................... ...........................
फाँटवालाको सही नामसारी सदर गर्नेको सही

अनुसूचि-१२
(कार्यविधिको दफा (१७) (१) सँग सम्बन्धित)
**दर्ता प्रमाण-पत्र खारेज(लगत कट्टा) गर्न दिइने दरखास्त**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
गौरीगञ्ज गाउँपालिका,
गौरीगञ्ज, झापा।

मेरो/हाम्रो नाममा यस पालिकामा दर्ता भएको निम्न अनुसारको ई-रिक्सा बिग्री/नासिई/हराई भविष्यमा चलाउन नसक्ने भएकोले दर्ता प्रमाण-पत्र खारेजका लागि संलग्न कागजात राखी दरखास्त दिएको छु/छौं । व्यहोरा बुझी दर्ता प्रमाण-पत्र खारेज गरी लगतकट्टा गरी पाउँ ।

१. ई-रिक्सा धनीको नाम थरः-
२. ठेगानाः-
३. ई-रिक्सा दर्ता नं.-
४. ई-रिक्साको किसिमः-
५. ई-रिक्सा दर्ता खारेज वा लगतकट्टा गर्नुपर्नाको कारणः-
६. हराएको नासिएको आदिको व्यहोरा प्रमाण वा सिफारिसपत्रः-
७. ई-रिक्सा दर्ता प्रमाणपत्रः-
८. बाटो इजाजत पत्रः-
०९. अन्य प्रमाणः-

दरखास्तवालाको
सहीः-
नाम थरः-
ठेगानाः-
मितिः-

**कार्यालय प्रयोजनको लागि**

ई-रिक्साको विस्तृत जाँच गरी दर्ता खारेज गर्नुपर्ने कारण खोलिएको प्रतिवेदन....................

| ..................... | ................... | .................... |
|---|---|---|
| ई-रिक्सा जाँच्ने प्राविधिकको सही | फाँटवालाको सही | ई-रिक्सा दर्ता खारेज गर्न |

निर्णय दिने अधिकृतको सही-

**द्रष्ट्रव्य** : हराएको वा नासिएको व्यहोरा निवेदन परेमा कुनै कार्यालय वा निकायबाट कुनै कारबाही वा अन्य प्रयोजनको लागि नखिचिएको र सो व्यहोरा झुटो भएमा कानून बमोजिम सहुँला/बुझाउँला भनी कबुलियत समेत गराउने ।

अनुसूचि-१३
(कार्यविधिको (१८) (१) सँग सम्बन्धित)

**दर्ताको प्रमाण पत्रको प्रतिलिपिको लागि दिइने दरखास्त**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा।

मेरो/हाम्रो नाममा यस पालिकामा दर्ता भएको निम्न अनुसारको ई-रिक्साको दर्ता प्रमाण पत्रको प्रतिलिपि पाउन लाग्ने दस्तुर र आवश्यक प्रमाण समेत यसै साथ संलग्न गरी दरखास्त दिएको छु/छौं व्यहोरा बुझी दर्ता प्रमाणपत्रको प्रतिलिपि पाँउ ।

१. ई-रिक्सा धनीको नाम थरः-

२. ठेगानाः-

३. ई-रिक्सा दर्ता नं.-

४. ई-रिक्साको किसिमः-

५. प्रतिलिपि लिनुपर्ने कारणः-

६. हराएको नासिएको भएमा सोको मिति र स्थानः-

७. उक्त व्यहोरा प्रमाणित गर्ने आधार प्रमाणः-

८. कुनै कार्यालयको सिफारिस भए सोकोः-

(क) नामः-

(ख) पत्र संख्याः-........ च.नं. ...........

(ग) मितिः-

९. अन्य-

१०.लेखिएको व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम हुँला/बुझाउँला ।

दरखास्तवालाको

सहीः-

नाम थरः-

ठेगानाः-

मितिः-

**<u>कार्यालय प्रयोजनको लागि</u>**

रेकर्ड भिडाउँदा सम्पूर्ण व्यहोरा मिल्न गएकोले
प्रतिलिपि दिन सिफारिस गर्ने

.......................... .................................................

फाँटवालाको सही प्रतिलिपि प्रमाणित गर्न अधिकारीको सही

अनुसूचि-१४
(कार्यविधिको दफा (१९) (१) सँग सम्बन्धित)
**बाटो इजाजत पत्रको लागि दिइने दरखास्त**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा।

निम्न अनुसारको ई-रिक्सालाई निम्न अनुसारको बाटो इजाजत पत्र पाउनको लागि लाग्ने दस्तुर र आवश्यक प्रमाण पत्रहरु राखी दरखास्त दिएको छु ।नियमअनुसार बाटोको इजाजतपत्र पाउँ ।

१. यातायात सेवाको विवरणः- (यातायात सेवामा पंजिकृत भएमा)
(क) यातायात सेवाको नामः-
(ख) यातायात सेवा दर्ता मितिः-
(ग) यातायात सेवाको नवीकरण अवधिः-
(घ) यातायात सेवा दर्ता गर्ने कार्यालयः-
(ङ) यातायात सेवा रहेको मुख्य कार्यालयको स्थान र फोन नं.- .............
(च) अन्यः-

२. ई-रिक्सा धनीको विवरणः-
(क) ई-रिक्सा धनीको नाम थरः-
(ख) ठेगानाः-
(ग) ई-रिक्सा व्यवस्थापकको नाम थरः-
(घ) ई-रिक्सा व्यवस्थापकको ठेगानाः-

३. ई-रिक्साको विवरणः-
(क) ई-रिक्सा नं.-
(ख) दर्ता मितिः-
(ग) ई-रिक्साको किसिमः-
(ङ) ई-रिक्साको चेसिस न.-
(च) ई-रिक्साको मोडेल नं र निर्माता कम्पनीः-
(अ) मोडेलः- ........ (आ) निर्माता कम्पनीः-............
(छ) निर्माण भएको सालः-
(ज) ई-रिक्साको बजन क्षमताः-

(अ) कुल बजन .......... (आ) भारवाहन क्षमता ..........
(ई) सिट क्षमता
(झ) अन्य .....................

४. ई-रिक्साको बाटो इजाजत पत्र माग गरेको क्षेत्र वा बाटोको विवरणः-
(क) (ख)
(ग) (घ)

५. ई-रिक्सा बिमा सम्बन्धी विवरणः-
(क) ई-रिक्सा बिमाः- (अ) बिमा भएको मितिः- (आ) अवधिः-
(ई) बिमा गर्ने कम्पनी वा निकायः-

(ख) तेस्रो पक्ष बिमाः- (अ) बिमा भएको मितिः- (आ) अवधि
(ई) बिमा गर्ने कम्पनी वा निकायः-

६. ई-रिक्सामा काम गर्ने कर्मचारीको विवरणः-
(क) चालकः- (अ) नाम थरः-
(आ) ठेगानाः-
(ई) अनुमतिपत्र दिने कार्यालय र अनुमतिपत्र नं.-

७. जाँचपास प्रमाण-पत्र नं. र अवधीः-

८. अन्य विवरणः-
(क)
(ख)
(ग)

दरखास्तवालाको
सहीः-
नाम, थरः-
ठेगानाः-
मितिः-

## कार्यालय प्रयोजनको लागि

१. उक्त ई-रिक्साले माग गरेको बाटोको इजाजत पत्र दिन सकिने/नसकिने विवरण खुलाउनेः-
(क) बाटो इजाजतपत्र दिन नसकिने भए सोको कारण खुलाउनेः-
(अ)............. (आ)............. (ई).................

(ख) बाटो इजाजत पत्र दिन सकिने भए कुन कुन बाटोको इजाजत पत्र दिने हो सो खुलाउनेः-

(अ) (आ) (इ)

(ई) (उ)

२. बाटो इजाजत पत्र नं............

३. बाटो इजाजत पत्रको दस्तुर रु............ भौचरः- रसिद नं.-

४. संलग्न कागज पत्रहरुः-

५. अन्य विवरणः-

........................ .........   ..........................................

बाटो इजाजत दिन सिफारिस गने फाँटवालाको सही   बाटो इजाजत दिने अधिकारीको सही

अनुसुचि-१५

(कार्यविधिको दफा (१९) (४) सँग सम्बन्धित)

**<u>बाटो इजाजतपत्र दर्ता किताब</u>**

गौरीगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गौरीगञ्ज, झापा

कोशी प्रदेश, नेपाल

१. बाटो इजाजत पत्र नं.-

२. यातायात सेवाको विवरणः-(यातायात सेवामा पंजिकृत भएमा)

(क) यातायात सेवाको नामः-

(ख) यातायात सेवा दर्ता नं. र मितिः-

(ग) दर्ता गर्ने कार्यालयः-

(घ) यातायात सेवाको मुख्य कार्यालय रहेको स्थान र फोन नं.-

३. ई-रिक्साको विवरणः-

(क) ई-रिक्सा नः-

(ख) दर्ता मितिः-

(ग) किसिमः-

(घ) चेसिस नं.-

(ङ) मोडेल र निर्माता कम्पनीः- (१) मोडेलः-

(२) निर्माता कम्पनीः- (३) बनेको सालः-

(च) ई-रिक्साको वजन क्षमताः-

(१) कुल वजनः-

(२) भार बहन क्षमताः- (३) सिट क्षमताः-

(छ) अन्यः-

४. ई-रिक्सा धनी र सञ्चालन सम्बन्धी विवरणः-

(क) ई-रिक्सा धनीको नाम थरः-

(ख) ई-रिक्सा धनीको ठेगानाः-

५. ई-रिक्सा बिमा सम्बन्धी विवरणः-

(क) ई-रिक्सा बिमाः- (अ) बिमा भएको मितिः- (आ) अवधिः-

(ई) बिमा गर्ने कम्पनी वा निकायः-

(ई) बिमा गर्ने कम्पनी वा निकायः-

(ख) तेस्रो पक्ष बिमाः-(अ) बिमा भएको मितिः- (आ) अवधिः-

(ई) बिमा गर्ने कम्पनी वा निकाय-

६. ई-रिक्सा नचलेको समय वा अवधिमा ई-रिक्सा पार्किङ्ग गर्ने स्थानः-

७. बाटो इजाजतपत्र पाएको भए सोको विवरण अवधि-

८. अन्य विवरणः-

बाटो इजाजतपत्र नवीकरण, बाटो, थप, स्थगित र फुकुवा आदिको विवरण

| कायम भएको वा नवीकरण भएको बाटोको विवरण | नवीकरण मिति | बहाल अवधि | जाँचपासको बहाल अवधि र जाँचपास दिने कार्यालय | बिमाको बहाल अवधि र बिमा गरिएको कार्यालय | बाटो इजाजत पत्र स्थगित र फुकुवा सम्बन्धि विवरण | विवरण राख्नेको हस्ताक्षर | कैफियत (यस महलमा धेरै ठाँउ राखी उक्त ई-रिक्साको सम्बन्धमा हरेक पटक भएका विभिन्न निर्णय वा कारवाहीको विवरण चढाउने) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

अनुसुची-१६

(कार्यविधिको दफा (१९) (४) सँग सम्बन्धित)

गौरीगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गौरीगञ्ज, झापा

कोशी प्रदेश, नेपाल

**बाटो इजाजत प्रमाण-पत्र**

१. बाटो इजाजत पत्र नं............. मिति-...................

२. ई-रिक्सा धनीको नाम, थर र ठेगानाः-

३. ई-रिक्सा दर्ता नं. .............................दर्ता मितिः-.......................

४. ई-रिक्साको किसिमः-

५. इजाजत दिएको बाटो ...........................देखी..............................सम्म

६. सेवा सञ्चालनका शर्त (केही भए)-

७. अन्यः-

................................ .......................................

इजाजत पत्र बुझ्नेको सही इजाजतपत्र दिने अधिकारीको सही

गौरीगञ्ज गाउँपालिका, झापा

अनुसूचि-१७

(कार्यविधिको दफा (२०) (१) सँग सम्बन्धित)

**पटके बाटो इजाजत पत्रको लागि दिइने दरखास्त**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा।

निम्न विवरण भएको ई-रिक्सालाई निम्न बमोजिम पालिका गई आउनु पर्ने भएको हुँदा पटके बाटो इजाजत पत्र पाउनका लागि लाग्ने दस्तुर र आवश्यक प्रमाण-पत्र समेत राखी दरखास्त दिएको छु/छौ नियमानुसार पटके बाटो इजाजत पत्र पाऊँ ।

१. ई-रिक्सा धनीको नाम र ठेगानाः-

२. ई-रिक्साको दर्ता नं. र मितिः-

३. ई-रिक्साको किसिमः-

४. ई-रिक्साको बाटो इजाजत पत्रको विवरणः-

(क) इजाजत पत्र पाएको बाटो इजाजत पत्र नः-

(ख) पाएको स्थायी बाटोः-

(ग) बहाल अवधिः-

५. पटके बाटो इजाजत पत्र लिन चाहेको पालिकाको नाम र बाटोः-

६. पटके बाटो इजाजत पत्र लिनु पर्ने कारण वा उद्देश्यः-

( के कार्यको लागि जाने हो सो खुलाउने)

७. दस्तुर रकमः-

८. अन्य विवरणः-

दरखास्तवालको

सहीः-

नाम थरः-

ठेगानाः-

मितिः-

गौरीगञ्ज गाउँपालिका, झापा

<u>अनुसूचि-१८</u>

(कार्यविधिको दफा (२०) (२) सँग सम्बन्धित)

**पटके बाटो इजाजत पत्रको लागि दिइने दरखास्त**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा।

निम्न विवरण भएको ई-रिक्सालाई ................ पालिका गई आउनु पर्ने भएको हुँदा पटके बाटो इजाजत पत्र पाउनका लागि लाग्ने दस्तुर र आवश्यक प्रमाण-पत्र समेत राखी दरखास्त दिएको छु/छौ नियमानुसार पटके बाटो इजाजत पत्र पाऊँ ।

१. ई-रिक्सा धनीको नाम र ठेगानाः-

२. ई-रिक्साको दर्ता नं., मिति ........................ र दर्ता रहेको पालिकाको नामः-

३. ई-रिक्साको किसिमः-

४. ई-रिक्साको बाटो इजाजत पत्रको विवरणः-

(क) इजाजत पत्र पाएको बाटो इजाजत पत्र नः-

(ख) पाएको स्थायी बाटोः-

(ग) बहाल अवधिः-

५. पटके बाटो इजाजत पत्र लिन चाहेको बाटोको नामः

६. पटके बाटो इजाजत पत्र लिनु पर्ने कारण वा उद्देश्यः-
( के कार्यको लागि जाने हो सो खुलाउने)

७. दस्तुर रकमः-

८. अन्य विवरणः-

दरखास्तवालाको सहीः-
नाम थरः-
ठेगानाः-
मितिः-

गौरीगञ्ज गाउँपालिका, झापा

अनुसूचि-१९

(कार्यविधिको दफा (२०) (३) सँग सम्बन्धित)

**पटके बाटो इजाजत पत्र**

इजाजत पत्र नं.- मितिः-

१. ई-रिक्सा धनीको नाम, थर र ठेगानाः-

२. ई-रिक्सा दर्ता नं. र मितिः-

३. ई-रिक्साको किसिमः-

४. पटके बाटो दिएको क्षेत्रः- .............देखी..............सम्म

५. जाने आउने पटकः-

६. पटके बाटो लिएको दूरीः-

७. बुझाएको दस्तुर रकमः-

८. सेवा सञ्चालनका शर्त (केही भए)-

९. अन्यः-

................................ इजाजत पत्र बुझ्नेको सही

...................................... इजाजतपत्र दिने अधिकारीको सही

अनुसूचि- २०

(कार्यविधिको दफा (२४) (१) सँग सम्बन्धित)

**बाटो इजातज पत्रको प्रतिलिपिको लागि दिइने दरखास्त**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा।

यस कार्यालयबाट प्रदान गरिएको ई-रिक्सा नम्बर ............को बाटो इजाजतपत्र नं...................... नासिएको/ हराएको/ झुत्रो भएकोले उक्त बाटो इजाजत पत्रको प्रतिलिपि पाउन निम्न प्रमाण पत्र सक्कल र प्रतिलिपि संलग्न राखी यो दरखास्त पेश गरेको छु । व्यहोरा साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला ।

गौरीगञ्ज गाउँपालिका, झापा

१. ई-रिक्सा नम्बरः-

२. बाटो इजाजतपत्र नम्बरः-

३. जाँचपास प्रमाणपत्रः-

४. ट्राफिक प्रहरी कार्यालयको पत्रः-

५. अन्य प्रमाणः-

**दरखास्तवालको**

सहीः-

नामः-

ठेगानाः-

मितिः-

अनुसूचि-२१

(कार्यविधिको दफा (२५) (१) सँग सम्बन्धित)

**जाँचपास गराउनका लागि दिइने दरखास्त**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा।

निम्न विवरण भएको ई-रिक्साको जाँचपासको प्रमाण-पत्र पाउनका लागि लाग्ने दस्तुर र अन्य आवश्यक कागजपत्र सहित दरखास्त दिएको छु । ई-रिक्साको जाँच गरी नियमानुसार जाँचपास प्रमाण पत्र पाँऊ।

१. यातायात सेवाको नामः-

२. ई-रिक्सा धनीको नाम, थर र ठेगानाः-

३. ई-रिक्सा व्यवस्थापकको नाम, थर र ठेगानाः-

४. ई-रिक्सा दर्ता नं. र मितिः-

५. ई-रिक्साको किसिमः-

६. पहिले बाटो इजाजतपत्र लिएको भए सोको विवरणः-

(क) ई-रिक्साले पाएको बाटो इजाजतपत्र नं. ......... र बहाल अवधिः-

(ख) बाटो इजाजत पाएको क्षेत्रः-



गौरीगञ्ज गाउँपालिका, झापा

(ग) बाटो इजाजत दिने कार्यालयः-

७. पहिले जाँचपास प्रमाण-पत्र लिएको भए सोको विवरणः-

८. जाँचपास प्रमाण-पत्र लिने अवधिः- मिति- ............ देखि ................ सम्म

९. ई-रिक्सा मर्मत संभार गर्ने गरेको वर्कसपको नाम, ठेगाना र अनुमतिपत्र र अनुमति प्राप्त मितिः-

१०. दस्तुरः-

दरखास्तवालाको
सहीः-
नाम थरः-
ठेगानाः-
मितिः-

११. दरखास्वाला ई-रिक्सा चालक परिचालक भए निजको नाम थर र ठेगाना र अनुमतिपत्र नं.-

१२. अन्यः-

गौरादह नगरपालिका, झापा

अनुसूचि-२२
(कार्यविधिको दफा २५ (४) सँग सम्बन्धित)

**<u>ई-रिक्सा जाँच गर्दा प्राविधिकले भर्नुपर्ने विवरण फाराम</u>**

१. ई-रिक्सा सम्बन्धी विवरणः-

(क) ई-रिक्सा दर्ता नं.-
(ख) ई-रिक्सा दर्ता मितिः-
(ग) ई-रिक्सा धनीको नाम, थर, बतनः-
(घ) ई-रिक्साको किसिमः-
(ङ) ई-रिक्साको मोडेल र बनाउने कम्पनीको नामः-
  (अ) मोडेलः-
  (आ) बनाउने कम्पनीः-
(च) ई-रिक्सा बनेको सालः-
(छ) ई-रिक्साको चेसिस नं.-
(ज) पावर/सि.सि.-
(झ) ई-रिक्साको रङ्ग (अ) बडिको रङ्गः- .......(आ) सिसाको रङ्गः-...........
(ञ) ई-रिक्साको वजनः- (अ) कुल वजनः- .....(आ) भारवहन क्षमताः- ....
(ट) सिट संख्याः- ......

(ठ) प्रयोगः-

(ड) अन्यः-

२. ई-रिक्सा दर्ता प्रमाण पत्रमा उल्लेखित विवरण, भए /नभएकोः-

३. ई-रिक्साको बडिको रङ्ग र अवस्था ठिक भए / नभएको .............

४. सिटहरु अवस्था ठिक भए / नभएको ...........

५. ई-रिक्साको हेडलाईट, व्याक लाईट, साइड लाईट आदिको अवस्था ठिक भए / नभएको ..........

६. ई-रिक्साको स्टेरिङ्ग, ब्रेकआदिको अवस्था ठिक भए/ नभएको

७. ई-रिक्साको नम्बर प्लेटको अवस्थाः-

(क) तोकिएको साइजमा भए /नभएकोः-

(ख) तोकिएको रङ्ग भए नभएकोः-

८. ई-रिक्साको टायर र व्हिलको अवस्था-

(अ) रिसोल गरिएको / नगरिएकोः- ........ (आ) व्हिल नट ...........

९. समष्टिगत मूल्याङ्कनः- (ई-रिक्साको टायर, स्प्रिङ्ग पाता, टाइरेट तथा सरसफाई आदिको अवस्था)

१०. जाँचपास प्रमाण दिन योग्य भए/ नभएकोः-

११. जाँचपास प्रमाण-पत्र दिनु पर्ने अवधिः-

१२. अन्यः-

ई-रिक्सा जाँचपास दिन योग्य देखिएमा सिफारिस गर्ने प्राविधिकको-
सहीः-
नाम थरः-
मितिः-

जाँचपास प्रमाण-पत्र प्रमाणित गरिदिने अधिकारीको-
सहीः-
नाम थरः-
मितिः-

गौरीगञ्ज गाउँपालिका झापा

अनुसूचि-२३

(कार्यविधिको दफा २५ (४) सँग सम्बन्धित)

गौरीगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गौरीगञ्ज, झापा

**जाँचपास प्रमाण-पत्र**

१. ई-रिक्सा दर्ता नं. ............................... २. ई-रिक्सा दर्ता मितिः-............

३. ई-रिक्सा धनीको नाम, थर, बतनः- ४. ई-रिक्साको किसिमः-

५. ई-रिक्साको मोडेल र बनाउने कम्पनीको नामः-

(अ) मोडेलः- (आ) बनाउने कम्पनीः-

६. ई-रिक्सा बनेको सालः- ७. ई-रिक्साको चेसिस नं.-

८. पावर/सि.सि.-

९. ई-रिक्साको रङ्ग (अ) बडिको रङ्गः- ........ (आ) सिसाको रङ्गः-.............

१०. ई-रिक्साको वजनः-(अ) कुल वजनः- ........ (आ) भारवहन क्षमताः- ......

११. सिट संख्याः- ...... (ठ) प्रयोगः- (ड) अन्यः-

१२. ई-रिक्सा दर्ता प्रमाण पत्रमा उल्लेखित विवरण, भए /नभएकोः-

१३. ई-रिक्साको बडिको रङ्ग र अवस्था ठिक भए / नभएको .............

१४. सिटहरु अवस्था ठिक भए / नभएको ...........

१५. ई-रिक्साको हेडलाईट, व्याक लाईट, साइड लाईट आदिको अवस्था ठिक भए / नभएको ..........

१६. ई-रिक्साको स्टेरिङ्ग, ब्रेकआदिको अवस्था ठिक भए/ नभएको

१७. ई-रिक्साको नम्बर प्लेटको अवस्थाः-

(क) तोकिएको साइजमा भए /नभएकोः- (ख) तोकिएको रङ्ग भए नभएकोः-

१८. ई-रिक्साको टायर र व्हिलको अवस्था-

(अ) रिसोल गरिएको / नगरिएकोः- ........ (आ) व्हिल नट

१९. समष्टिगत मूल्याङ्कनः- (ई-रिक्साको टायर, स्प्रिङ्ग पाता, टाइरेट तथा सरसफाई आदिको अवस्था)

२०. जाँचपास प्रमाण दिन योग्य भए/ नभएकोः- २१. जाँचपास प्रमाण-पत्र दिनु पर्ने अवधिः-

२२. अन्यः-

| सवारी जाँच गर्ने प्राविधिकको | जाँचपास प्रमाणियत गर्ने अधिकारीको |
|---|---|
| सही :....................... | सही :.................................. |
| नाम थरः- | नाम थरः- |
| पद : | पद : |
| मितिः- | मितिः- |

गौरीगञ्ज गाउँपालिका, झापा

अनुसूचि- २४

(कार्यविधिको दफा (२६) (१) सँग सम्बन्धित)

**जाँचपास प्रमाणपत्रको प्रतिलिपिको लागि दिइने दरखास्त**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
गौरीगञ्ज गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौरीगञ्ज, झापा

मेरो/हामीले यस कार्यालयमा मिति....................मा ई-रिक्सा सवारीको जाँचपास प्रमाणपत्र लिएकोमा हराए/नासिएकोले जाँचपास प्रमाणपत्रको प्रतिलिपि पाउन आवश्यक पत्र र दस्तुर संलग्न राखी दरखास्त दिएको छु/छौं ।

१. ई-रिक्साको दर्ता नम्बर र किसिम-
२. जाँचपास प्रमाणपत्र नं. र मिति-
३. जाँचपास नवीकरण वहाल रहेको मिति-
४. दस्तुर-
५. अन्य प्रमाण-

दरखास्तवालाको
सही-...................
नाम-
ठेगाना-
मिति-

कार्यालय प्रयोजनको लागि
दस्तुर-
..............................
...................................
प्रतिलिपि उत्तार गरिदिन पेश गर्ने
प्राविधिकको सही ...............

प्रतिलिपि प्रमाणित दिने
अधिकृतको सही...........

आज्ञाले.
सन्तोष श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत